# कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०९।१८

पाख्रीबास नगरपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवम् समपुरक अनुदानका साथै नगरपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) "यस कार्यविधिको नामः "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८०" रहेको छ ।

(ख) यस कार्यविधि "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०८०" कार्यपालिका बाट स्वीकृत भइ राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यपालिका": भन्नाले पाख्रीबास नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

ख) "कार्यविधि": भन्नाले पाख्रीबास नगरपालिकाले जारी गरेको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि २०८० सम्झनुपर्छ।

ग) "कन्टिन्जेन्सी रकम": भन्नाले भौतिक पूर्वाधारतर्फको निर्माण योजना संचालन गर्दा नियमानुसार कट्टा गरी राखिने बजेट रकम सम्झनुपर्छ ।

३. उद्धेश्यः

(१) कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्धेश्यहरु निम्नानुसार छन् ।

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न ।

(ख) दफा ५ उल्लिखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी वापतको रकम खर्च गर्न ।

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सू-व्यवस्थित तवरले खर्च गर्न ।

(घ) भैपरी आउने खर्चको व्यवस्थान गर्न ।

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न ।

४. कन्टिन्जेन्सी रकमको व्यचस्थाः

(१)नगरपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको नियमानुसार कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा ५(१) मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

५. खर्च गर्न सकिने क्षेत्रहरु:

(१) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई नगरपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ ।

(क) योजनाको अनुगमन तथा सुपरीवेक्षण एवम् योजनासँग सम्वन्धित प्रशासनिक खर्च, बैठक भत्ता, खाजा-खाना खर्च ।

(ख) योजनाको नाप, जाँच, सुपरीवेक्षण एवम् मूल्यांकन, योजनासँग सम्वन्धित प्राविधिक र अन्य कर्मचारीहरुको प्रोत्साहन भत्ता/फिल्ड भत्ता अनुसुचि १ बमोजिम हुने छ ।

(ग) आयोजना संचालनमा खटिएका फिल्ड सुपरभाइजरहरुको पारिश्रमिक ।

(घ) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामग्री तथा सवारी साधन खरिद खर्च ।

(ङ) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(च) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु ।

(छ) नगरपालिकाको निर्णय बमोजिम तोकिएको अन्य सम्वन्धित क्षेत्र ।

(ज) लेखापरीक्षण सम्वन्धी खर्च ।

(झ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी अभिमुखीकरण तालिम गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च ।

(ञ) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च ।

(ट) स्थानीय तह वा अन्य निकायले योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(ठ) प्राविधिक/प्रशासनिक कर्मचारीहरुको क्षमता वृद्धिको लागि सेवामूलक तालिम वापतको खर्च ।

(ड) ठूला प्रकृतिका योजनाको D.P.R. तयार गर्न परामर्शदाता मार्फत गर्दा लाग्ने खर्च ।

(ढ) योजना संचालन अविधमा सम्वन्धित प्राविधिक कर्मचारी, प्रमुख प्रशासकीय अधिकृत, योजना तथा लेखा शाखाको कर्मचारीहरु, सवारी चालकहरु कार्यालय सहयोगीहरु कार्यालय समय बाहेकका अतिरिक्त समयमा समेत कार्यालयको तथा योजनाको नाप, जाँच, अनुगमन, मूल्यांकन र सुपरीवेक्षण गर्दा लाग्ने खर्च

(ण) नियम ५ (१) ढ बमोजिम को कर्मचारीहरुलाइ अतिरिक्त समय कार्य गरेको हाजिरीको आधारमा प्रति महिना शुरु तलब स्केलको अधिकतम २० प्रतिशतमा नबढ्ने गरी हुन आउने प्रोत्साहन भत्ता बापतको रकम

(त) योजना संचालनको लागि आवश्यक पर्ने कम्पुटर, प्रिन्टर, फर्निचर फ्रिक्चर्स,सवारीसाधन खरिद तथा मर्मत सम्भारमा लाग्ने खर्च ।

(थ) योजना संचालन संग सम्बन्धित अन्य चालु प्रकृतिको खर्चहरु जस्तै, पानी विजुली, इन्धन, सवारी साधन तथा मेसिनरी औजार भाडा आदिमा हुने खर्चहरु ।

(द) कार्यालय संचालन तथा योजना अनुगमन निरिक्षणको क्रममा आवश्यक पर्ने झोला, जुत्ता, छाता,रेनकोट लगायतको अन्य अत्यावश्यक सामाग्रीहरुमा हुने खर्च ।

६. कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः

क) योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकममध्ये प्रशासनिक (चालु)को अधिकतम् ५० र पूँजीगत अधिकतम् ५० प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

७. कर्मचारीलाई फिल्ड भत्ता, यातायात वा इन्धन र संचार खर्च सम्बन्धी व्यवस्थाः

(१) योजनाको नाप, जाँच, सुपरीवेक्षण एवम् मूल्यांकन गरी योजनाको गुणस्तरीय निर्माण कार्य गरी समयमै निर्माण कार्य सम्पन्न गर्न गराउनको लागि प्राविधिक वा अन्य कर्मचारीहरुको कार्य चाप र जोखिमलाई मध्यनजर गरी कन्टिन्जेन्सी रकमबाट फिल्ड भत्ता उपलब्ध गराइनेछ ।

(२) सम्वन्धित कर्मचारीले अनुसूची-१ बमोजिम फिल्ड/अतिरिक्त समय कार्य गरेको भत्ता खर्च उपलब्ध गराइनेछ।

(३) योजनाको नाप, जाँच, डिजाइन, स्टिमेट तयार गरी योजनाको अनुगमन, सुपरीवेक्षण गरी निर्माण कार्यको गुणस्तर कायम गर्ने जिम्मा सम्वन्धित प्राविधिक कर्मचारीको हुनेछ ।

(४) योजना संचालन अविधमा सम्वन्धित प्राविधिक कर्मचारी, प्रमुख प्रशासकीय अधिकृत, योजना तथा लेखा शाखाको कर्मचारीहरु, कार्यालय समय बाहेकका अतिरिक्त समयमा समेत योजनाको नाप, जाँच, अनुगमन, मूल्यांकन र सुपरीवेक्षण गर्ने दायित्व सम्वन्धित प्राविधिक कर्मचारीको नेतृत्वमा हुनेछ ।

(५) अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

८. कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः

(१)नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान रकम अन्तर्गत योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाब गरी सोको लगत राखिनेछ ।

(२) त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयनसँगै खर्च गरिने व्यवस्था मिलाइनेछ ।

९. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः

(१)यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्वन्धित भए गरेका क्रियाकलापहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

१०. बाधा अड्काउ फुकाउने अधिकारः

(१)यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) तर प्रचलित ऐन, कानून र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

११. शंसोधन तथा हेरफेरः यस कार्यविधिका शंसोधन तथा हेरफेर गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१२. खारेजी तथा बचाउः यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकम बाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

नियम ५(१) ख संग सम्बन्धित

**प्राविधिक कर्मचारीहरुको मासिक फिल्ड भत्ता वापतको रकमको विवरण**

| क्र.स. | पद/तह | फिल्ड भत्ता रकम |
|---|---|---|
| १ | अधिकृत स्तर वा सो भन्दा माथिको इन्जिनियरिङ सेवाको कर्मचारीहरु | ५०००/- |
| २ | सहायक स्तर इन्जिनियरिङ सेवाको कर्मचारीहरु | ४५००/- |
| ३ | ह्याभी सवारी चालक | ४०००/- |
| ४ | हलुका सवारी चालक (ट्याक्टर, मिनि ट्रिपर) | २५००/- |
| ५ | एम्बुलेन्स/शवबाहन चालक | ४०००/- |

नोटः तर कुनै कामको जिम्मेवारी नतोकिएको अवस्थामा उल्लिखित भत्ता पाउने छैन ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

प्रस्ताव नं. ७ उपर छलफल गर्दा विधायन समिति मार्फत पेश भएको पाख्रीबास नगरपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ८ उपर छलफल गर्दा उत्कृष्ठ सामुदायिक विद्यालय र शिक्षक प्रोत्साहन तथा सम्मान सम्बन्धी मापदण्ड, २०८० निर्माण गर्नको लागि विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ९ उपर छलफल गर्दा राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम, २०८० सञ्चालन गर्नको लागि श्री भारती मा.वि. पाख्रीबास-१० लाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ११ उपर छलफल गर्दा मिति २०८०/१०/१९ गते शुक्रबारका दिन हिउँदे नगरसभा सञ्चालन गर्नको लागि मिति तो[illegible]ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १२ उपर छलफल गर्दा आ.व. २०७९/०८० सम्मको धरौटी रकम मध्ये कार्यालयबाट पेश भएको रु. १७१९१।- स्रोत नखुलेको धरौटी रकम सदरस्याहा गरी राजश्व खातामा जम्मा गर्नको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११

**प्रस्ताव नं. १३ को विविध विषय उपर तपसिल बमोजिम छलफल तथा निर्णय गरियो ।**

क) घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ दोस्रो संशोधन गर्नको लागि विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

ख) यस पाख्रीबास नगरपालिकामा नगर प्रहरी इन्चार्जको पदमा कार्यरत श्री राम बहादुर तामाङ मिति २०८०/०८/०० गते कार्यालयको काममको सिलसिलामा मुटुको पक्षघात भई अकास्मत उपचारको क्रममा वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत रहेको अवस्थामा निजको स्वास्थ्य परीक्षण सहयोग स्वरुप रु. ५०,०००।- यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रमको औषधी उपचार खर्च (२११२३) शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ग) पाख्रीबास नगरपालिका अन्तर्गतका विभिन्न वडाका व्यक्तिहरुले विभिन्न रोगहरुको स्वास्थ्य उपचार र विभिन्न दुर्घटनामा परि स्वास्थ्य उपचारको लागि आर्थिक सहायता माग गरि दिनुभएको निवेदन उपचार छलफल गर्दा विभिन्न रोग तथा स्वास्थ्य अवस्था हेरी तपसिलका व्यक्तिहरुलाई अन्य सामाजिक सुरक्षा आर्थिक सहायता (२७११२) शीर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-